annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ६, पृष्ठ १० | काठमाडौं, बुधबार २३ वैशाख २०८३ | जेष्ठ कृष्णपक्ष पञ्चमी, नेपाल संवत् ११४६ | WENDESDAY, MAY 6, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# कर्मचारीलाई कस्दै सरकार

## ट्रेड युनियन खारेजीदेखि कर्मचारीको बर्खास्तगीसम्म

सरकारले निजामती कर्मचारीको ट्रेड युनियन खारेज गर्दै प्रस्तावित 'संघीय निजामती सेवा विधेयक' मार्फत कडा आचरण र सजायका व्यवस्थाहरू ल्याएको छ। अध्यादेशमार्फत युनियनका कार्यालय बन्द गर्न र सरकारी सेवा-सुविधा फिर्ता गर्न निर्देशन दिइसकेको सरकारले नयाँ कानुनमा कर्मचारीलाई राजनीतिक संलग्नता, वैदेशिक आवासीय अनुमति (डीभी/पीआर) र गोपनीयता भंग गरेमा सेवाबाट बर्खास्तसम्म गर्न सक्ने प्रावधान राखेको छ। यसका साथै सामाजिक सञ्जालमा राजनीतिक टिप्पणी गर्न निषेध, सम्पत्ति विवरण अनिवार्य र स्वार्थको द्वन्द्वमा कडा प्रतिबन्ध लगाइएको छ। कर्मचारी संगठनहरूले यी व्यवस्थालाई संविधान र श्रम अधिकारविपरीत भन्दै कडा आन्दोलनको चेतावनी दिएका छन्।




**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

विस्तृत पृष्ठ २

## डच क्रुज जहाजमा हान्टाभाइरसको प्रकोप



**बीबीसी** | *अफ्रिका*

आन्ध्र महासागरको यात्रामा रहेको डच क्रुज जहाज 'एमभी होन्डियस' मा हान्टाभाइरस फैलिँदा ३ जना यात्रुको मृत्यु भएको छ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले यो भाइरस जहाजमा रहेका यात्रुहरूबीच एक व्यक्तिबाट अर्को व्यक्तिमा सरेको हुन सक्ने बताएको छ। सामान्यतया मुसाको माध्यमबाट सर्ने यो भाइरस मानिसबाट मानिसमा सर्नुलाई अत्यन्तै दुर्लभ मानिन्छ, तर जहाजको सीमित घेराभित्र रहेका नजिकका सम्पर्क व्यक्तिहरूमा संक्रमण देखिएपछि स्वास्थ्य अधिकारीहरूले चिन्ता व्यक्त गरेका हुन्।

जहाज सञ्चालक ओसनवाइड एक्सपिडिसनका अनुसार संक्रमणका कारण हालसम्म एक डच महिला र उनका श्रीमान् तथा एक जर्मन नागरिकले ज्यान गुमाइसकेका छन्।

श्वास-प्रश्वासमा गम्भीर समस्या देखिएका अन्य दुई चालक दलका सदस्यलाई थप उपचारका लागि विमानमार्फत नेदरल्याण्ड्स लैजाने तयारी गरिएको छ। करिब एक महिनाअघि अर्जेन्टिनाबाट यात्रा सुरु गरेको यो जहाज हाल अफ्रिकी मुलुक केप भर्डको तटनजिकै रोकिएको छ।

हाल जहाजमा २३ देशका १ सय ४९ जना यात्रु र चालक दलका सदस्यहरूलाई कडा सुरक्षा र सावधानीका साथ क्वारेन्टाइनमा राखिएको छ। डब्लूएचओकी अधिकारी डा. मारिया भान केरखोभले पहिलो संक्रमित व्यक्ति जहाज चढ्नुअघि नै बिरामी भएको हुन सक्ने र त्यसपछि अन्यमा सरेको आशंका गरेकी छिन्।

हालसम्म ७ जनामा संक्रमणको लक्षण देखिएको र स्वास्थ्यकर्मीहरूले पीपीई सेट लगाएर जहाजभित्रै अनुसन्धान गरिरहेको भए पनि सर्वसाधारणका लागि यसको जोखिम भने न्यून रहेको बताइएको छ।

## 'रवि जोगाउने' प्रतिनिधिसभा नियमावलीमा कांग्रेस असन्तुष्ट

**अन्नपूर्ण** | *काठमाडौं*

कांग्रेसले रास्वपा सभापति रवि लामिछानेलाई जोगाउने गरी तयार गरिएको 'प्रतिनिधिसभा नियमावली २०८३' को मस्यौदामा असन्तुष्टि जनाएको छ। कांग्रेसले मस्यौदाको प्रावधान संशोधन प्रस्ताव दर्ता गर्ने निर्णयसमेत गरेको छ।

संसद् समन्वय बोर्डको मंगलबार बसेको बैठकले मस्यौदाका कतिपय प्रावधानहरू संविधानको मर्मविपरीत र विधिशास्त्रीय दृष्टिकोणले समेत गम्भीर रहेको बताएको छ। 'ती विषयहरू अनिवार्य रूपमा सच्चिनुपर्छ,' बैठकपछि कांग्रेसले विज्ञप्तिमा भनेको छ, 'यसका लागि संसद्मा पार्टीको तर्फबाट आवश्यक पहल र संशोधन दर्ता गर्ने निर्णय गरिएको छ।'

रास्वपा सांसद गणेश पराजुली नेतृत्वको समितिले सर्वसम्मत रूपमा तयार पारेको नयाँ नियमावलीमा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि सभा, समिति र सदस्यका हकमा यो नियमावली संघीय कानुनका रूपमा रही विशेष कानुन सरह लागू हुनेछ' भनिएको छ। सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा २७ मा सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएका पदाधिकारी, कर्मचारी वा राष्ट्रसेवक 'स्वतः निलम्बन हुने' अवस्था उल्लेख छ। लेखिएको छ,





'प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्र सेवक स्वतः निलम्बित भएको मानिने छ।'

अघिल्लो प्रतिनिधिसभामा सहकारी अपचलनसँगै सम्पत्ति शुद्धीकरणको मुद्दा लागेपछि तत्कालीन सभामुख देवराज घिमिरेले रास्वपा सभापति लामिछानेलाई निलम्बन गरेका थिए। धरौटीमा रिहा गरेपछि लामिछानेले आफ्ना २० सांसदसहित आग्रह गरे पनि घिमिरेले सम्पत्ति शुद्धीकरण ऐनको व्यवस्थामा टेकेर निलम्बन गरिएको र आफूले कानुन मिच्न नसक्ने बताएका थिए।

मस्यौदाले सम्पत्ति शुद्धीकरण ऐनमाथि नियमावली रहने परिकल्पना गरेको छ। अब साधारण कानुनभन्दा नियमावली विशेष कानुनका रूपमा आकर्षित हुनेछ। जसको प्रत्यक्ष फाइदा लामिछानेलाई हुनेछ। नियमावलीलाई टेकेर लामिछानेलाई सांसद पदमा कामकाज गर्न कुनै बाधा रहने छैन।

**अध्यादेशको विरोध**

प्रमुख प्रतिपक्षी कांग्रेसले संविधानतमा आवश्यक र असाधारण परिस्थितिमा अध्यादेशमार्फत कानुन बनाउने अभ्यास र परम्परा रहँदै आएको भए पनि सरकारले संसद् अधिवेशन आह्वान गरी तुरुन्तै रोकेर अध्यादेश ल्याएकोमा आपत्ति जनाएको छ। 'संसद् रोकेर दर्जनौं कानुनका सारभूत विषयमा अध्यादेश जारी गर्नु विधायिकी अधिकारको गम्भीर उल्लंघन र संसदीय अभ्यासमाथिको निर्मम प्रहार हो,' विज्ञप्तिमा भनिएको छ, 'अब यी अध्यादेशहरू सार्वभौम संसद्को क्षेत्राधिकारभित्र प्रवेश गर्ने भएकाले संसद्ले यसको गहन परीक्षण गर्नेछ।'

कांग्रेसले आफू अनुकूलका राजनीतिक नियुक्ति गर्ने संकीर्ण मनसायले नै संसद् अधिवेशन बोलाउने, तत्काल स्थगित गरी अध्यादेश जारी गर्ने र पुनः संसद् आह्वान गर्ने सरकारको कार्य 'संसदीय प्रणालीमाथिको नांगो जालसाजी' भएको टिप्पणी गरेको छ।

» बाँकी पृष्ठ ६

## वैशाख २८ देखि बजेट अधिवेशन

**काठमाडौं** (अन्नपूर्ण): राष्ट्रपति रामचन्द्र पौडेलले वैशाख २८ गतेका लागि संघीय संसद्को दुवै सदनका अधिवेशन आह्वान गरेका छन्। राष्ट्रपतिले सोमबार दिउँसो २:०० बजे संघीय संसद् भवन, सिहंदरबारमा बैठक बस्ने गरी दुवै सदनका अधिवेशन आह्वान गर्नुभएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले जानकारी दिए।

आगामी अधिवेशनलाई बजेट अधिवेशन पनि भनिन्छ। जेठ १५ गते सरकारले नयाँ आर्थिक वर्षको बजेट ल्याउने संवैधानिक प्रावधान छ। राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा, ९३ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा सदनको अधिवेशन आह्वान गरेका हुन्। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले संघीय संसद्को अधिवेशन आह्वान गर्न सिफारिस गर्ने निर्णय गरेको थियो।

यसैबीच, राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गरेका छन्। आइतबार राष्ट्रपति पौडेलले पुनर्विचारका लागि फिर्ता पठाएपछि सोमबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले अध्यादेश पुनः राष्ट्रपतिसमक्ष पठाउने निर्णय भएको थियो।

राष्ट्रपति कार्यालयका प्रवक्ता शाक्यले जारी गरेको विज्ञप्तिमा राष्ट्रपतिले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ जारी भएको उल्लेख छ।

## मधेसमा छैटौं मुख्यमन्त्रीका लागि दौडधुप

**गोविन्द महतो** | *जनकपुरधाम*

मधेस सरकारमा छैटौं मुख्यमन्त्रीका लागि खेल सुरु भएको छ। मधेस प्रदेशको दो स्रो कार्यकालको ४० महिनामा छैटौं मुख्यमन्त्रीको खेलमा दलहरू लागेको हो। राजनीतिक दलहरूबीचको विवाद र नेतृत्वको असन्तुष्टिका साथै दलीय झगडाले नेतृत्व परिवर्तन हुँदा प्रदेशहरू राजनीतिक भागबन्डा मिलाउने थलो बन्न थालेको छ। प्रदेश गठन भएर विधिवत् कार्यान्वयन भएको ७ वर्ष ४ महिनामा प्रदेश नेताहरूका लागि मुख्यमन्त्री र मन्त्री उत्पादन गर्ने उर्वरभूमि मधेस बनेको हो।

२०७९ साल मंसिरको निर्वाचनपछि ४० महिनामा मधेस प्रदेश सरकारबाट ५ मुख्यमन्त्री बिदा भएका छन्। गएको ७ महिनामा मधेस सरकारमा ४ मुख्यमन्त्री नियुक्त भए। तर, सोमबार साँझ जनमत पार्टीले नेपाली कांग्रेसका मुख्यमन्त्री कृष्णाकुमार यादवलाई दिएको समर्थन फिर्तासँगै फेरि नयाँ सरकार गठनका लागि जनमतसहित जसपा नेपालले नयाँ मुख्यमन्त्रीको खेलमा सक्रियता देखाएको छ।



**मधेसका मुख्यमन्त्रीहरू क्रमशः बायाँबाट सरोजकुमार यादव, लालबाबु राउत, सतीशकुमार सिंह, कृष्णप्रसाद यादव, सरोज यादव र जितेन्द्रप्रसाद सोनार।** ● अन्नपूर्ण

संघीयतापछिको पहिलो कार्यकालमा प्रदेश सरकारहरूमध्ये सबैभन्दा स्थिर सरकारको नमुना थियो- मधेस प्रदेशको सरकार। तर, २०७९ को निर्वाचनपछि भने मधेस दलहरूको दाउपेच र लेनदेनको यस्तो केन्द्र बन्यो कि मधेसले बितेका ४० महिनामा पाँचौं मुख्यमन्त्री देखिसक्यो। अब फेरि मधेस सरकारमा नयाँ मुख्यमन्त्री आउने सम्भावना बढ्दैछ। २०७९ मंसिरको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मतपरिणाम लगत्तै पुस २९ गते जनता समाजवादी पार्टीका, नेपालका सरोजकुमार यादव मधेस प्रदेशको मुख्यमन्त्री बने। तर, केन्द्रमा भएको समीकरण फेरबदलसँगै प्रदेशमा २०८१ जेठ २३ गते प्रदेशसभाबाट विश्वासको मत लिन असफल भएपछि यादव पदमुक्त भए। एमाले, माओवादी केन्द्र, जनमत, एकीकृत समाजवादी, नेपाल संघीय समाजवादी फोरम र नागरिक उन्मुक्ति पार्टीको समर्थनमा २०८१ जेठ २५ गते जनमत पार्टीका सांसद सतीशकुमार सिंह मधेस प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भए। मुख्यमन्त्री सतीशकुमार सिंहले गत असोज २८ गते आफ्नै पार्टी जनमतको प्रपञ्चमा विश्वासको मत लिन गएका मुख्यमन्त्रीले संसद्बाट राजीनामा गरे।

त्यसलगत्तै मुख्यमन्त्री पदका लागि दुईवटा दाबी पेस भयो। पहिलो नेपाली कांग्रेसका नेता कृष्णप्रसाद यादव र लोकतान्त्रिक समाजवादी पार्टीका नेता जितेन्द्रप्रसाद सोनलको। अन्त्यमा जनमत संसदीय दलका नेता महेशप्रसाद यादवले सोनललाई मुख्यमन्त्री पदमा दिएको समर्थन आधिकारिक रहेको पत्र प्रदेश प्रमुखको कार्यालयमा पठाएपछि जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेकपा एकीकृत समाजवादीसहित ५ राजनीतिक दलका ५६ जना प्रदेशसभा सदस्यहरूको समर्थनमा जितेन्द्र सोनल मुख्यमन्त्री बन्ने।

» बाँकी पृष्ठ ६